सिक्किम र असमबाट एकैसाथ प्रकाशित
हाम्रो प्रजाशक्ति
गान्तोक, वर्ष १८, अङ्क ३३२, १२ फरवरी, २०१८
विक्रम संवत् २०७४, माघ २१ गते, सोमवार

# प्रधानमन्त्री मोदीको प्यालेस्टाइन यात्रा

**इजरायल र प्यालेस्टाइनबिचको सम्बन्धले गर्दा पश्चिम एसियामा बढ्दो तनावको माहोलमा प्रधानमन्त्री नरेन्द्र मोदी प्यालेस्टाइनको यात्रामा जाने प्रथम भारतीय प्रधानमन्त्री बने। विशेष गरेर अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले जेरुसलेमलाई इजरायलको राजधानीका रूपमा मान्यता दिएपछि यहाँ तनाव बढेको थियो र यसैबिच प्रधानमन्त्री मोदी त्यहाँ पुगे। यसै त भारतले निरन्तर प्यालेस्टाइनको स्वतन्त्रताको पक्षमा समर्थन दिइरहेको थियो र अन्तर्राष्ट्रिय मञ्चहरूमा भारत प्यालेस्टाइनेली विषयको आवाज उठाउने एक प्रमुख मुलुक रहिआएको थियो। तर पछिल्लो केही समयमा भारत र इजरायलबिच बढ्दो घनिष्ठता र दुवै देशका प्रधानमन्त्रीहरूको एक-अर्काको मुलुकको भ्रमणपश्चात भारतको झुकाउ इजरायलप्रति बढ्ता देखिएको थियो। यसले गर्दा प्यालेस्टाइनको चिन्ता बढ्नु पनि स्वाभाविक नै हो। हुन पनि पछिल्ला केही वर्षयता भारतले आर्थिक, सामरिक र सांस्कृतिक कारणहरूले गर्दा इजरायलसँग सम्बन्ध बढाउँदै आएको छ। विशेष गरेर भारतले प्रतिरक्षा खरिदको सन्दर्भमा इजरायलसँग सम्बन्धलाई विस्तार दिएको भन्ने मानिन्छ। विशेष गरेर प्रधानमन्त्री नरेन्द्र मोदी र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूबिच जस्तो खाले प्रगाढ मित्रता भएको देखिएको छ। त्यसलाई प्यालेस्टाइनले एक प्रकारले सकारात्मक रूपमा पनि लिएको छ। हालका दिनमा प्रधानमन्त्री मोदीको अगुवाइमा भारतले अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो जुन स्वीकार्यता र स्थान बनाएको छ अनि इजरायलसँग जुनखाले मधुर सम्बन्ध विस्तार भएको छ त्यसले गर्दा प्यालेस्टाइनमा प्रधानमन्त्रीको यस यात्रालाई शान्ति प्रक्रियामा वर्तमान बनेको गतिरोध तोड्नमा सहायक हुनसक्ने अवसरका रूपमा हेरिंदै छ। यहाँसम्म कि प्यालेस्टाइन लिबरेसन ओर्ग नाइजेसनका नेताहरूलेसम्म इजरायल र भारतको सम्बान्ध राम्रो भएकोले प्यालेस्टाइनेलीहरूका लागि सहायक हुनसक्छ भन्ने विचार व्यक्त गरेका छन्। प्रधानमन्त्री मोदीको यस भ्रमणले जहाँ इजरायलसँगको बढ्दो सामिप्यले गर्दा प्यालेस्टाइनका सन्दर्भमा ओझेलमा पर्न गएको भारतको पारम्परिक अडानलाई पुनर्स्थापित गरेको छ त्यहीं यसले इजरायल र प्यालेस्टाइनबिच शान्तिप्रक्रियाको पुनर्बहालीको सम्भावना पनि जगाएको छ। अर्कातिर भारतलाई यसले थुप्रै कुटनीतिक फाइदा पनि उपलब्ध गराएको छ। विशेष गरेर अरबेली मुलुकहरूसँगको भारतको सम्बन्धलाई पनि प्रधानमन्त्रीको यस रामल्लाह भ्रमणले निकै सघाउ पु-याउने छ। यसका साथै भारतले सुरक्षा परिषदको स्थायी सदस्यताका लागि गरिरहेको प्रयासमा पनि बल पुग्ने आशा गरिएको छ। यहाँ एउटा कुरा त प्रस्ट छ कि प्रधानमन्त्रीको यस प्यालेस्टाईन भ्रमणले इजरायलसँगको सम्बन्धमा नकारात्मक प्रभाव भने पर्ने छैन। किनकि हालका दिनमा भारतसँग बनेको सम्बन्धको महत्त्व इजरायलले पनि राम्ररी बुझ्दछ र आर्थिक कारणले पनि इजरायलले भारतलाई निकट नै राख्न चाहन्छ अन्ततः भारत इजरायलको सामरिक सामग्रीहरूको एउटा मुख्य खरीददार पनि हो। समग्रतामा प्रधानमन्त्रीको यो प्यालेस्टाइन भ्रमण इजरायल र प्यालेस्टाइनसँगको देशको विदेशनीतिको एक सन्तुलनका रूपमा पनि हेर्न सकिन्छ।**

# उड़ान



❑ बीबी ठकुरी, सिलगढ़ी



**इच्छाशक्ति र दृढ़ सङ्कल्प लिएर गरिएको यात्रा कष्टदायक भए पनि त्यो सुखद र प्रेरणादायी हुनेछ किनकि निर्दिष्ट लक्ष्य लिएर अघि बढ्ने व्यक्तिहरूमा साहस र जोश जस्ता ऊर्जावान् तत्त्वहरू भएकै कारण उनीहरू उड़ानमा सफल हुन्छन्।**

एक ठाउँदेखि अर्को ठाउँमा उड़ेर जाने क्रमलाई साधारण बोलीमा '**उड़ान**' भनिन्छ। पखेटा लागेका चराचुरुङ्गी तथा हावाजहाजहरू यसै श्रेणीमा आउँछन्। उड़ानको भावार्थ चाहना र काल्पनिक सोचाई अर्थात् दिवास्वप्न पनि हो।

लेखक, कवि, कथाकार, कलाकार एवम् वैज्ञानिकहरूद्वारा गरिने कल्पना पनि उड़ानको मूर्त रुप नै हो किनभने कल्पनाकै उड़ानमा उड़ेर उनीहरूले ठेलीकाठेली पुस्तक लेखेर जाति, समाज र राष्ट्र निर्माणमा आफ्नो प्रमुख भूमिका निभाएका छन् भने '**जहाँ इच्छा त्यहाँ उपाय**' भन्ने लोकोक्तिलाई साकार रुप दिंदै मानिसहरूलाई भौतिक सुख दिनका लागि वैज्ञानिकहरूले जीवनभरि अध्ययन र अन्वेषण गरेर लगन, परिश्रम र दृढ़ सङ्कल्पका साथ अन्वेषण र अध्ययन गरेर बिजुली, रेल, हावाजहाज, टिभी, मोबाइल, क्यामेरा, कम्प्युटर, रोर्बट, गुगल, फेसबुक, वाट्सऐप इत्यादि मानव जीवनका लागि प्रयोजनीय वस्तुहरूको आविष्कार गरी उनीहरूले आफ्नो जीवनलाई सार्थक तुल्याएका छन्।

लेखक, साहित्यकार, कलाकार, वैज्ञानिकहरू मात्रै कल्पनाको उड़ानमा उड़ने गर्छन् भन्नु मेरो तात्पर्य होइन्, साधारण मानिसहरू पनि कल्पनाको उड़ानमा उड़िरहेका हुन्छन् तीमध्ये कसैकसैले मात्र कल्पनाको उड़ानलाई सार्थक बनाएका छन् भने दिशा दिन र गन्तव्य भेटाउन नसकेका कतिपय मानिस आफ्नो लक्ष्यको उड़ानमा असफल भएका हुन्छन्। मानिसहरू जसको घर हुँदैन, उसलाई घरको चाहना हुन्छ, घर हुनेलाई नोकर चाकर राख्ने वा अझै अर्को घर बनाउने चाहना हुन्छ।

गाड़ी नहुनेलाई गाड़ीको चाहना, गाड़ी हुने र पैसा रुपियाँ धेरै हुने धनी मानिसलाई देश-विदेश घुम्ने चाहना हुन्छ। निर्धनलाई धन कमाउने भोको पेटलाई खानेकुराको चाहना हुन्छ। संक्षिप्तमा भन्नु हो भने सबैलाई केही न केही थोकको चाहना भइरहेको हुन्छ। चाहना नभएको मान्छे भेट्ाउनु यो विश्वमा गाह्रो पर्छ। चाहना नभई कल्पना हुँदैन, कल्पना नभई चाहना नै हुँदैन, मानौं चाहना र कल्पना एकअर्काका पुरक हुन्। चाहनाले नै मानिसलाई कल्पित बनाउँछ। त्यसैले एकजना कविले आफ्नो कवितामा '**तन बस्छ यहाँ मन बस्छ कहाँ**' भनेर कल्पनाको उड़ानको उचित व्याख्या गरेका छन्। शिक्षित र सीप भएका मानिसहरू लक्ष्य र उद्देश्य प्राप्तिका लागि एकाग्रचित्त र बचनबद्ध भई आफ्नो उड़ानलाई सफल बनाउँछन् भने शिक्षा, लगन, परिश्रम अनि सीप केही पनि नभएका मानिसहरू आफ्नो उड़ानमा दिशाहीन भएर रम-रक्सी र ड्रग्सको भरमा जिउन खोज्छन्। धेरै चाहना राख्ने र कल्पनाको उड़ानमा उड्न खोज्ने मानिसहरू हाम्रो जातिमा मात्र होइन अन्य समुदायमा पनि छन्।

बङ्गाली, पञ्जाबी, मारवाड़ी र गुजरातीहरूलाई नै हेरौं, उनीहरू कसरी आफ्नो संस्कार, संस्कृतिको सम्मान गरेर अध्ययन, लगन र परिश्रमकै बलमा व्यक्तिगत रुपमा सफल भई आफ्नो समाज र जातिलाई नै गौरव तुल्याएका छन् तर हामीसँग न उपयोगी शिक्षा छ न संस्कार न संस्कृति छ। धैर्यता र प्रतिस्पर्धा विचारधारा हामीमा छँदैछैन भने पनि हुन्छ। फ्रान्सका राइट दाजु-भाइले हावामा उड़ने यन्त्रको कल्पना नगरेको भए शायद हावाजहाजको आविष्कार हुने थियो कि थिएन? त्यसरी नै गेलेलियोद्वारा टेलिस्कोप, गुटेनवर्गले छापाखाना, जर्ज स्टेफनले ट्रेन, बेन्ज पेटेन्टले अटोमेटिक मोटर कार, फिलो फार्न्सवर्थले टेलिभिजन जोहन सेफर्ड बारेनले एटी एम मशीन इत्यादि समय, काल र परिस्थितिअनुसार मानवजातिले प्रयोजनीय वस्तुहरूको आविष्कार गरेर हाम्रो जिउने पद्धति सरल बनाइदिएका छन्।

कल्पनाको उड़ानमा नउड़ेर ती वैज्ञानिकहरूले अन्वेषण र आविष्कार नगरेको भए वर्तमान भौतिक संसार कति निरस हुने थियो, त्यो कुनै मापदण्डद्वारा मापेर अनुमान लगाउन कसैको लागि सम्भव नै छैन। गफ हाँक्ने र टाइम पास गर्न अरुको तुलनामा हामी धेरै सिपालु छौं। सोचेको कुरालाई क्रियान्वय नगरी काम फत्ते गर्ने हाम्रो बानी नै छैन। केही क्षणमै बिर्सिहाल्ने हाम्रो प्रवृति छ। प्रत्येक घरमा, छरछिमेकमा मेकअप, फेसन शो, टिभी सीरियल, गीत र डान्स, राजनीति, विज्ञान, खेलकुद, सिनेमा इत्यादि विषयमाथि चर्चा, परिचर्चा हुन्छ, तर्कातर्की र सिङ जुझाई हुन्छ, तर्कातर्कीमा समय, ऊर्जा, उमेर खर्च गर्छौं तर निष्कर्षमा पुग्नै सक्तैनौं। अन्य भाषाभाषीमा अनगन्ति डाक्टर, इन्जिनियर आइपीएस र आइएएस अधिकारीहरू हुन्छन्। वैज्ञानिक, अर्थशास्त्री, राजनीतिज्ञ, दार्शनिक, लेखक, व्यापारीहरू यस्ता पुङमाङे बहसदेखि सँधै नै टाढ़ा रहन्छन् र नै उनीहरूको जीवन सफल भएको छ। जिनियस र सिर्जनशील प्रवृतिका व्यक्तिहरू मानव हितका लागि केही गरौं भन्ने अभिप्रायले सिर्जनशील कार्यमा लागिरहेको हुनाले फोस्रो र पुङमाङे बहसमा सामेल हुन दनीहरूलाई फुर्सद नै हुँदैन। अतएवम् पुङमाङे बहसमा समय खेर फाल्नेहरू सिर्जनशील हुनै सक्तैनन्। अरूले उड़ाउन खोज्दैमा केही नबिचारी भावनामा हामी उड़ने जाति हौं। उड्न मात्र जानेका छौं, कति बेरसम्म उड्ने र उड़ेर कहाँ पुग्ने र के गर्ने त्यसबारेमा सोच्ने हामीलाई फुर्सदै नै छैन।

बङ्गालका मुख्यमन्त्रीले हाम्रो जात-जातको विकास बोर्डका लागि लाख, करोड़ौं रुपियाँ बाड़िँरहेकी छन्। जयजयकार गरेर तिनले दिएको पैसा खुशी मानेर हामीले थापिरहेका छौं। यो उसले किन दियो? कुन फण्डबाट दियो? अझै कतिपटक दिनेछिन्। डुवर्स र तराईका चियाकमानहरूमा बसोबासो गर्ने आदिवासी र गोर्खाहरू पहाड़का गोर्खाहरूभन्दा अझैं गरीब छन्, उनीहरूलाई दिदीले दया, माया किन नदेखाएको? उनीहरूकोलागि विकास बोर्ड किन नखोलिएको? दिनुको अर्थ आगामी दिनहरूमा गरिने स्वाभिमान र स्वअस्तित्वको आन्दोलनलाई नेस्तानुबुद गर्ने सरकारी षड्यन्त्र त होइन्! इत्यादि मुख बाएर बसेका प्रश्न धेरै छन् तर यस्ता गम्भीर विषयहरूमाथि सोच्ने र समय खर्च गर्ने हाम्रो मान्छेलाई फर्सद नै नभए जस्तो छ। यस्ता विषयहरूमा यदि कसैले सोच्न थाल्यो भने कि त बौलाहाको उपाधि दिन्छन् कि उसलाई टुङ्गो लाउनु पर्छ भनिहाल्छन्। ८६ मा सुवास घिसिङको नेतृत्वमा भएको गोर्खाल्याण्डको आन्दोलनमा बाह्र सय मानिस शहीद भएर पनि आर्थिक, सामाजिक, शैक्षिक र राजनीतिक उपलब्धिहरू हाम्रो जातिले पाउनु नसक्नुको मुख्य कारण तथाकथित जीभीसी-को माध्यमद्वारा मुढ़े बल प्रयोग गर्न लगाई प्रतिपक्षका नेता, लेखक, साहित्यकार एवम् बुद्धिजीवीहरूको अभिव्यक्तिको अधिकार परोक्ष रुपमा हनन गरिएको तीतो सत्य कसैबाट लुक्न सकेको छैन। लेखक, साहित्यकार, कलाकार र बुद्धिजीवीहरू प्रत्येकजाति र समाजका धरोहर हुन्।

उनीहरूको मयार्दा गर्न नसके पनि उनीहरूलाई ठेस पुर्याउनु हुँदैन। ठेस पुर्याउने प्रवृतिले जाति र समाजकै कुभलो हुन्छ भन्ने विचारलाई आत्मसात गरेर बुद्धिजीवीहरूको विचारलाई आन्दोलनकालमा उपयोग गर्नसकिन्थ्यो, उचित मार्गदर्शन हुनेथियो तर त्यसो भएन। भय र सन्त्रासको परिवेशले कतिपय हाम्रा प्रबुद्ध लेखक र बुद्धिजीवी समाजका चिन्तकहरू आन्दोलनकालमा दार्जीलिङ छोड़ेर सिलगढ़ी, असम, नेपालतिर निर्वासित जीवन बिताउनु पर्‍यो। तीमध्ये धेरैजसो लेखक र सामाजिक चिन्तक आजसम्म दार्जीलिङ फर्कन सकेका छैनन्। त्यसैले गोर्खाल्याण्ड आन्दोलन सन् १९८८ मा साम, दाम,दण्ड भेदको भेंट चढ्यो। २१ वर्षसम्म दागोपाप-मा एकछत्र राज गरेर गोरामुमोले गोर्खाल्याण्डका लागि केही गर्न सकेन भनी गोरामुमोदेखि बागी भएर विमल गुरुङले १० मार्च, २०१० सम्मको शर्त राखेर त्यो मियादभित्र गोर्खाल्याण्ड दिलाउँछु भनी गोजमुमो राजनीति पार्टीको गठन गरे। तिनको नेतृत्वमा लगभग ४३ महिनासम्म विभिन्न प्रकारको आन्दोलन गरेर केही सीप नलाग्दा १८ जुलाई, २०१० का दिन **गोर्खालयाण्ड क्षेत्रीय प्रशासन**माथि त्रिपक्षीय सम्झौतामाथि हस्ताक्षर गर्न यो पार्टी बाध्य हुनुपर्‍यो।

सम्झौताको रुपमा हामीमाथि गरिएको षड्यन्त्र हाम्रा प्रबुद्ध नेताहरूले बुझ्नै सकेनन् बरु गोर्खाहरू बुद्धु हुन्छन्, आन्दोलन, राजनीति गर्न र सरकार चलाउन यिनीहरू जान्दैनन् भन्ने सन्देश दार्जीलिङे गोर्खाले मात्र होइन, नेपालमा राजतन्त्रको समाप्तिपछि कहिले संघीय ढाँचा, कहिले समायोजन, कहिले संविधान, कहिले सीमाङ्कन र कहिले संघीय प्रणाली, कहिले मधिसे आन्दोलनका कारण नेपालमा जारी वर्तमान राजनीतिक अस्थिरताले गर्दा नेपालको अर्थव्यवस्था चर्मराई सकेको छ र यसको मार त्यहाँको जनताले भोग्नु परिरहेको छ। यस्ता विसङ्गतिहरूका कारण भारतका गोर्खा भारतमा र नेपालका नेपाली, विदेशमा अवहेलित र अपमानित हुनुपरेको सत्यतालाई नकार्न सकिँदैन।

सुनको सपना देखेका भारत र नेपालका लाखौं नेपाली नागरिक आफ्नो ज्यानलाई हथेलीमा राखेर खाड़ी देशहरूमा नारकीय जीवन बिताउनु परेको र बाँचेकाहरूले त्यहाँका मालिकवर्गको शारीरिक र मानसिक यातना सहनु परेको र कतिपय युवा बेपत्ता भएका घटनाहरूबाट नेपालीहरूले भोग्नपरेको मानवीय त्रासदीको असली रुप थाह पाउन सकिन्छ। ***क्रमशः...***

# उत्तर कोरियाको ढोंगी मित्रता

**दक्षिण कोरियामा आयोजना हुन लागिरहेको हिउँदे ओलम्पिकमा उत्तर कोरियाको सहभागिताले अधिकाङ्श मानिस अचम्मित छन्।**

दक्षिण कोरियामा आयोजना हुन लागिरहेको हिउँदे ओलम्पिकमा उत्तर कोरियाको सहभागिताले अधिकांश मानिस अचम्मित छन्। यतिखेर यो प्रश्न सर्वत्र उठिरहेको छ- आखिर 'ढिठ' स्वभावको मानिने उत्तर कोरिया अचानक आफ्नो मुख्य प्रतिद्वन्द्वी छिमेकी देशसित मित्रताको मुडमा किन आइपुग्यो? कतिपय मानिस यसलाई दुवै देशबीचको सम्बन्ध सुधारबारे एउटा अत्यावश्यक सङ्केत मानिरहेका छन्, तर किम ह्विन हुई भने यस भनाइसित अलिकति पनि सहमत छैनन्।

हुई कुनै वेला उत्तर कोरियाकी जासुस थिइन्। दक्षिण कोरियामा सन् १९८८ मा सम्पन्न ग्रीष्मकालीन ओलम्पिकभन्दा केही महिनाअघि मात्र उनले दक्षिण कोरियाली विमानमा बम लगाएर एक सय १५ मानिसको ज्यान लिएकी थिइन्।

बीबीसीकी लारा बिकरले उनीसित उत्तर कोरियाको यस नयाँ कदमबारे उनको भनाइ के छ र उनी यसबारे के सोच्छिन् भनेर प्रश्न गरेकी थिइन्। हुईले भनिन्, निश्चय नै यो सबै ढोंग मात्र हो। उत्तर कोरियाको अन्तिम लक्ष्य आफ्नो आणविक कार्यक्रम पूरा गर्नु हो। उसको दिमागमा आणविक हतियारबाहेक अर्थोक केही छैन। तपाईं उत्तर कोरियालाई संवाद, मीठा कुराकानीले परिवर्तन गर्न सक्नुहुन्न। मेरो विचारमा दबाबको रणनीति मात्र उत्तर कोरियामाथि प्रभावकारी सिद्ध हुनसक्छ। सन् १९८९ मा दक्षिण कोरियाली एउटा अदालतले हुईलाई मृत्युदण्डको सजाय दिएको थियो तर, राष्ट्रपति रो ते बुले उनलाई माफी दिएकी थिइन्। ५६ वर्षीया हुई अहिले दक्षिण कोरियामा एक गोप्य स्थानमा सुरक्षा गार्डहरूको घेरामा बस्छिन्। उनलाई उत्तर कोरियाली सरकार उनको हत्या गर्न चाहन्छ भन्ने विषयमा निकै डर लागिरहन्छ।

हुई सम्झिन्छिन्, मलाई कोरिया एकीकरणको फ्रन्टलाइनकी सिपाही भएको बताइएको थियो। म दक्षिण कोरियालाई एउटा क्रान्तिकारीले झैं स्वतन्त्र गराउँदै छु। म यसलाई लिएर गर्व महसुस गर्थें तर मैले पछि मेरो उपयोग सिर्फ हत्या गर्नुसित सम्बन्धित थियो। मैले जेमा बमको डेटोनेटर लगाएकी थिएँ, त्यो एउटा सानो जापानी रेडियो थियो। त्यससँगै एउटा प्लास्टिक ब्यागमा लिक्विड बम थियो, जुन मैले विमानको सेल्फमा राखिदिएकी थिएँ। यस आक्रमणलाई हुईले आफ्ना एक पुरुष साथीसित मिलेर नतिजामा पुऱ्याएकी थिइन्। जब दुवैलाई पक्रियो, त्यतिखेर उनले साइनाइड लगाइएको चुरोट दाँतले टोकेकी थिइन्। उनको साथीको तत्काल मृत्यु भयो तर हुई बाँचिन्। यसपछि उनलाई मिडियासामु पेस गरियो। जहाँ उनले टिभी क्यामेरासामु आफ्नो अपराध स्विकारेकी थिइन्।

हुई भन्छिन्, उत्तर कोरियामा हामी यही सोच्ने गर्थ्यौं कि दक्षिण कोरिया अमेरिकाको एउटा गरिब र भ्रष्ट कोलोनी हो। यो गरिब छ र भ्रष्ट पनि छ। हामीलाई यही बताइन्थ्यो कि उनीहरू हाम्रा शत्रु हुन् र हामी उनीहरूसित एउटै आकाशमुनि बस्न सक्दैनौं।

हुईले पछि दक्षिण कोरियाकै एक गुप्तचर अधिकारीसित विवाह गरिन्। उनीहरूका दुई सन्तान छन्। के उनका सन्तानलाई उनको इतिहास थाह छ त? यस प्रश्नको जवाफमा उनी भन्छिन्, मेरा सन्तान अहिले यो इतिहास थाह पाउने उमेरका भइसकेका छैनन्। मैले पनि उनीहरूलाई यसबारे सबै कुरा बताउने कोसिस गरेकी छैन तर आजभोलि इन्टरनेटमा सबै सूचना उपलब्ध छन्। मिडियामा मेरा अन्तर्वार्ता छन्। मलाई लाग्छ, उनीहरू यसबारे पक्कै जानकार होलान्।

(बीबीसी हिन्दीको समाचार टिप्पणी)

लेख तथा रचना आदि पठाउने
**'हाम्रो प्रजाशक्ति' सिलगढ़ी कार्यालयको टुङ्गो**
हाम्रो प्रजाशक्ति, गुरुङ बस्ती बजार (प्रधान नगर)
पूजा मेडिकल हलको माथिल्लोपट्टि
सिलगढ़ी- ७३४००३
ई-मेल: hamropraja.slg@gmail.com
☎ 9832684683